मिति २०७५ मंसिर २८ गते शुक्रबार दिनको २ बजे शिक्षा शाखाको बैठक हलमा यस कीर्तिपुर नगरपालिकाका नगर उप-प्रमुख तथा प्रवक्ता श्री सरस्वती रिजाल खड्का ज्यूद्वारा नगरपालिकाका अहिले सम्मका गतिविधिहरु बारेमा विभिन्न मिडियाहरु मार्फत सार्वजनिकिकरण कार्यक्रमको लागि तयार पारिएको प्रतिवेदन।

## १. सामान्य प्रशासन शाखा

क. दैनिक रुपमा प्रशासनिक कार्यहरु सहज र सरल ढंगबाट सम्पादन हुदै आएको छ।

ख. कर्मचारीहरुको व्यक्तिगत विवरण (PIS) अध्यावधिक गर्ने कार्य भैरहेको छ।

ग. अधिकांश सेवाहरु (राजश्व संकलन कार्य समेत) वडा कार्यालय मार्फत उपलब्ध गराउन शुरु गरिएको छ।

घ. आवश्यकता अनुसार समान्य प्रशासन समितिको बैठक नियमित रुपमा हुदै आएको छ।

ङ. कीर्तिपुर नगरपालिका बजार अनुगमन निर्देशिका, २०७५ को दफा(८) उपदफा (२) अनुसार बजार अनुगमन टोली गठन भई अनुगमन कार्यको थालनी भएको र अनुगमन प्रतिवेदन समेत बुझाई सकिएको छ।

च. कीर्तिपुर नगरपालिका बजार अनुगमन निर्देशिका, २०७५ को दफा (४) अनुसार उपभोक्ता हित संरक्षण समितिको गठन भई क्रियाशील रहेको छ।

छ. आ.व २०७४/२०७५ को कर्मचारी र पदाधिकारीहरुको सम्पत्ति विवरण तोकिएको म्याद भित्र अनलाईन प्रविष्टि गर्ने कार्य सम्पन्न गरि सम्बन्धित निकायमा पठाई सकिएको छ।

ज. कर्मचारीहरुको दैनिक हाजिर अध्यावधिक नियमित रुपमा गर्ने गरिएको छ।

झ. दैनिक रुपमा आईपर्ने सम्पूर्ण प्रशासनिक कार्यहरु सहज तरिकाले सम्पादन गर्ने गरिएको छ।

ञ. पशु विकास सेवा केन्द्र र कृषि विकास सेवा केन्द्रलाई साविक कार्यालय रहेको स्थान वडा नं.३ पालिफलबाट वडा नं.६ चोभार स्थित चारघरेमा स्थानान्तरण गरिएको छ।

ट. शिक्षा, स्वास्थ्य र सहकारी व्यवस्थापन शाखाको उचित प्रबन्ध गरि सेवा सुचारु गरिएको छ।

ठ. नगरपालिका क्षेत्रभित्र साविकमा विष्णु देवी अस्पताल अन्तर्गत रहेर आठ वटा स्वास्थ्य चौकीहरु संञ्चालनमा रहेकोमा थप ३ वटा स्वास्थ्य क्लिनिकको व्यवस्था गरि सेवा विस्तार गरिएको छ।

ड. वडा कार्यालयबाट माग भए अनुसार मौजुदा जनशक्ति मध्येबाट समान्य प्रशासन समितिको सिफारिस बमोजिम काम काज गर्न खटाउने गरिएको छ।

ढ. आवश्यकता अनुसार मिति २०७५ /०४/१० गते बसेको कीर्तिपुर नगरपालिकाको तेस्रो नगर सभाको निर्णय अनुसार मिति २०७५/०४/०१ देखि लागु हुने गरी आ.व २०७५/०७६ को स्विकृत "नगर विकास स्वयंसेवी स्कीम" (MDVS) कार्यक्रम अन्तर्गत १० वटा वडा कार्यालयमा १० जना स्वयंसेवी र नगरपालिकामा ९ जना स्वयंसेवीहरुलाई २०७६ असार मसान्त सम्मलाई नियुक्ति दिईएको छ।

ण. कीर्तिपुर नगरपालिका कर्मचारीहरुको कार्यसम्पादन प्रोत्साहन (सुबिधा) सम्बन्धी मापदण्ड, २०७५ तयार गरि पेश गरिएको छ।

## २. स्वास्थ्य शाखा

१. मधुमेह र उच्च रक्तचाप सम्बन्धी वडा कार्यालय मार्फत तथ्यांङ संकलन गरियो।

२. कीर्तिपुर नगरपालिका अन्तर्गतका सरकारी तथा समुदायिक संघ संस्था, अस्पताल, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्रहरुको गत वर्षको प्रगती समिक्षा गरियो।

३. युवा नेत्र सेवाद्धारा श्री कीर्ति बिहारमा नि:शुल्क मोति बिन्दु शल्यक्रिया शिबिर कार्यक्रम संचालन गरीयो।

४. सम्पुर्ण शहरी स्वास्थ्य केन्द्रहरुमा, बिष्णु देवी अस्पताल र ७ वटा स्वास्थ्य चौकीहरुमा कम्प्युटर (डेस्कटप) र प्रिन्टर बितरण गरि ईन्टरनेट जडान गरियो।

५. बिष्णु देवी अस्पताल, ७ वटा स्वास्थ्य चौकी र ३ वटा शहरी स्वास्थ्य केन्द्रहरुमा Implant Insertion & Removal Sets, IUCD: Insertion & Removal Sets र बिष्णु देवी अस्पतालमा थप Minilaprotomy sets, Uterline Elevator Instruments Sets, NSV Sets वितरण गरीयो।

६. स्वास्थ्य चौकीहरुमा Condom, Depo Vail, Depo syringe बितरण गरीयो।

७. बिष्णु देवी अस्पताल, ७ वटा स्वास्थ्य चौकी र ३ वटा शहरी स्वास्थ्य केन्द्रहरुमा Glucometer with50 strips, Dopler Machine बितरण गरीयो।

८. बिष्णुदेवी अस्पताल, पालिफल स्वा.चौ., चम्पादेवी स्वा.चौ., चोभार स्वा.चौ., पांगा बालकुमारी स्वा.चौकीहरुमा BMI Machine बितरण गरीयो।

९. महिला स्वास्थ्य स्वयं सेविकाहरु मार्फत संचालनमा रहेको ग्लुकोमिटर बाट सुगर जाँच तथा रक्तचाप जाँच कार्यक्रमको निरन्तरता भईरहेको छ।

१०. की.न.पा ४ गाम्चामा महिलाहरुको पाठेघरको मुखको क्यान्सरको तथा स्त्री रोगको जाँच शिविर २५६ जनालाई सेवा प्रदान गरियो।

११. १५ औ महिला स्वास्थ्य स्वयं सेविका दिवस भब्यताका साथ मनाइयो। साथै हरेक वार्ड बाट ३ जनाका दरले ३० जना उत्कृष्ट महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई पुरस्कार स्वरुप नगद रु.१००० र फ्रेम सहित प्रमाणपत्र दिई सम्मान गरियो र ६० बर्ष पुगेका ५ जना महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई नगद रु.३०,००० र फ्रेम सहित प्रमाणपत्र दिइ सम्मानपुर्वक बिदाई गरियो।

**ख) फोहरमैला व्यवस्थापन**

१) फोहरमैला व्यवस्थापन सम्बन्धि अन्तरक्रिया कार्यक्रम गरीयो ।

२) फोहरमैला व्यवस्थापन कार्यमा सलंग्न निजी सघं सस्थामद्धारा कपडाको झोला बितरण कार्यक्रम निरन्तर भईरहेको छ ।

३) असल छिमेकी नेपाल र वल्ड भिजन नेपालको सहकार्यमा प्लाष्टिक तथा कागज प्रयोग गरी झोला तथा बिभिन्न सजावटका सामाग्री बनाउनको लागी हरेक वार्डका ३ जना महिलालाई १० दिने सिप मुलक तालिम संचालन गरीयो ।

४) असल छिमेकी नेपाल र वल्ड भिजन नेपालको सहकार्यमा स्वच्छ कीर्तिपुर प्रवद्र्घन मेला कार्यक्रम संचालन गरीयो ।

५) कम्पोष्ट मल उत्पादन तथा प्रशोधन केन्द्र स्थापना तथा संचालन कार्यका लागि कीर्तिपुर फोहर व्यवस्थान सेवा प्रा.लि. संग MOU कार्य सम्पन्न गरीयो ।

६) बिश्व पर्यटन दिवसको उपलक्ष्यमा स्वच्छ कीर्तिपुर महाअभियान अन्तगत सरसफाई कार्यक्रम संचालन गरीयो ।

७) फाहोरमैला व्यवस्थापन सम्वन्धमा धनकुटा, ईलाम नगरपालिकाको अध्ययन भ्रमणका सिकाईहरुका विषयमा छलफल गरी कीर्तिपुरको कार्य योजनामा कसरी समेट्ने भन्ने विषयमा छलफल गरियो ।

९) फोहोरमैला तथा वातावरण संरक्षण कोषको स्थापना गरी यसको संचालन शुरुवात गरियो ।

१०) फोहोरमैला व्यवस्थापन कार्यमा संलग्न चार वटा संस्था मार्फत सेवा प्रदत्त घरधुरी÷सदस्यहरुको विवरण अद्यावधिक गरियो ।

११) पशु वधशाला निर्माणका सम्वन्धमा सम्वन्धीत व्यावसायी तथा व्यावसायीहरुको संघसँग निरन्तर संवादमा रहेको ।

१२) मन्दिर लगायतका विभिन्न सार्वजनिक स्थानहरुमा कुहिने, नकुहिने फोहोर छुट्टयाएर सम्वन्धीत संस्थाहरु मार्फत संकलन गर्ने गरी सम्वन्धीत वडा कार्यालयहरु मार्फत बिन वितरण कार्य भएको ।

१३) गत सालको विश्व वातावरण दिवसका अवसरमा थालनी गरिएको सडक किनार तथा सार्वजनिक स्थलहरुमा हुर्केका विरुवा, फलफूलका विरुवा रोप्ने कार्यक्रमलाई वृहत्त रुपमा अगाडि वढाउने तयारी भई रहेको ।

१४) फोहरमैला व्यवस्थापनमा संलग्न निजी संघ संस्थाबाट उनीहरु संग गरीएको सम्झौता अनुसार जम्मा आम्दानीको २ प्रतिशत रकम न. पा.अन्र्तगतको स्वास्थ्व वन वातावरण तथा फोहरमैला व्यवस्थापन समितिमा संकलन गरीयो ।

१५) सात गाउले (इन्द्रायणी) जात्राको पुर्व सन्ध्यामा वृहत सरसफाई अभियान संचालन, महिला समुहहरुलाई सरसफाई सामाग्री प्रदान गरीयो ।

१६) एक बिद्यालय एक सम्पदा सरसफाई कार्यक्रमको शुरुवात पहिलो चरणमा ४ ठाउँमा सम्पन्न र हाल अन्य ठाउँमा निरन्तर भई रहेको छ ।

## ३. सहकारी शाखा

कीर्तिपुर नगरपालिका सहकारी ऐन, २०७४ बमोजमिम हाल सम्म सम्पादन गरेका मुख्य कार्यहरु यस प्रकार छन् ।

१) सहकारी विभाग, डिभिजन सहकारी कार्यालय मार्फत प्राप्त ७९ (शुरुमा ७४ त्यसपछि ५) वटा प्रारम्भिक सहकारी संस्थाहरुको मिसिल नगरकार्यपालिका कार्यालयको केन्द्रिय स्टोरमा रहेकोमा सहकारी शाखा स्थापना गरी अभिलेख ब्यवस्थापन गरी सेवा प्रारम्भ गरेको ।

२) तपशिल बमोजिमका विषयहरुमा परामर्श तथा समन्वय गर्ने विषयहरुः

  १) प्रारम्भिक सहकारी संस्था दर्ताको निर्णय गरी प्रमाणपत्र उपलब्ध गराउने,

  २) सहकारी संस्थाहरुको बिनियम संशोधनको प्रस्तावलाई स्वीकृति प्रदान गर्ने ,

  ३) सहकारी संस्थाहरुको लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्तिको स्वीकृत प्रदान गर्ने ।

  ४) सहकारी संस्थाहरुको निरीक्षण गरी कमी कमजोरी वा कैफियत सुधार गर्न सुझाव,निर्देशन दिने लगायतका नियमन जन्य कार्य,

  ५) गुनासा तथा उजुरीको सुनुवाई गरी समस्या समाधानको पहल गर्ने,

  ६) सहकारी संस्थाहरुको एकीकरण, विभाजन, खारेजी तथा लिक्विडेशन सम्बन्धि कार्य गर्ने,

  ७) सहकारी संस्थाहरुलाई प्रचलित नियमानुसार छुट तथा अन्य सुविधा उपलब्ध गराउने,

  ८) तालिम तथा अन्य सचेतनामूलक कार्यक्रममा सहभागी हुने, साथै त्यस्ता कार्यक्रम संचालनका विषयमा परामर्श दिने,

  ९) सहकारी प्रवर्द्धनमा टेवा पुर्याउने,

साथै कार्य सम्पादन विवरणलाई संख्यात्मक रुपमा यस प्रकार प्रस्तुत गरीएको छ ।

| सि.नं. | कार्य सम्पादन विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | नगर स्तरीय सहकारी भेला | १ | ०७५ जेष्ठ २५ |
| २ | अ.दु.अ.आ. छानविन प्रतिवेदन | १ | |
| ३ | लेखा परिक्षक नियुक्ति सहमति | २१ | |
| ४ | तालिममा सहभागि | ३ | कर्मचारी तथा सहकारी पदाधिकारी |
| ५ | सहकारी अनुगमन | ११ | |
| ६ | मासिक प्रतिवेदन | ३२ | |
| ७ | सहकारीहरुको साधारण सभामा सहभागी | ७ | |
| ८ | साधारण सभाको प्रतिवेदन प्राप्ति | ५ | |
| ९ | वडा नं. १, २ , ३ को वडा स्तरीय सहकारी भेला | २ | ०७५ असोज १४ र कार्तिक ६ गते |

**४. सामाजिक विकास शाखा**

आ.ब. २०७५/०७६ मा सामाजिक विकास शाखाबाट सम्पादित कामहरुको विवरण

१) मिति २०७५/३/३२ देखि २०७५/४/१२ सम्म नेपाल पर्यटन तथा होटेल व्यवस्थापन प्रतिष्ठानको प्राविधिक सहयोगमा ३१ जनालाई स्थानीय पथ प्रदर्शक तालिम

२) २०७५ असार ५ गते सिथि नखः का दिन कीर्तिपुर नगरपालिका वडा नं.१ स्थित लायकुमा दाफा बाजा प्रदर्शन कार्यक्रम ।

३) सन् २०१८ सेप्टेम्बर २७ तद्नुसार २०७५ असोज ११ गतेका दिन TOURISM AND THE DIGITAL TRANSFORMATION भन्ने मूल नाराका साथ विश्व पर्यटन दिवस सम्पदा यात्रा ,चित्रकला, सांस्कृतिक बाजागाजाहरुको मौलिक प्रस्तुतीकरण तथा नौका विहार लगायतका कार्यक्रम सहित उत्सव आयोजना

४) कीर्तिपुर नगरको दीर्घकालिन रणनीतिक पर्यटकीय गुरुयोजना अन्तिम चरणमा

५) गैह्र सरकारी सँस्थाहरु नविकरण र दर्ताको लागि जिल्ला प्रशासन कार्यालयमा सिफारीश

दर्ता सिफारीश : ९

नविकरण सिफारीश : ५१

**५. पशु विकास शाखा**

यस कीर्तिपुर नगरपालिकाको पशु विकास शाखाबाट कृषकहरुलाई प्रदान गरिएको हाल सम्मका सेवाहरु निम्म प्रकारका छन् ।

१. मेडिकल उपचार – १९१
२. माइनर सर्जिकल – १५
३. मेजर सर्जिकल – १
४. गाईनो – ७
५. छाला रोग परिक्षण – ३
६. थुनेलो परिक्षण – १५
७. कृतिम गर्भाधान – १४३
८. भ्याक्सीनेसन (खोरेतो) – १५०
९. पशु पंक्षीहरुको तथ्याङ्क संकलन – १ पटक भैरहेको

१०. पशु पालक कृषकसँग अन्तरक्रिया – १ पटक
११. मासु पसल फर्म तथा डेरी अनुगमन – ४ पटक
१२. रोग सर्भिलेन्स – ८ पटक

**६. शिक्षा शाखा**

१. मान्यता प्राप्त लेखापरिक्षकहरुको नियुक्ति ।
२. ३९ वटा विद्यालयहरुको नियमित अनुगमन ।
३. EMIS अपडेट र अपलोड सम्बन्धी विद्यालयहरुलाई सहजिकरण ।
४. १२ वटा सामुदायिक विद्यालयहरुको विद्यालय व्यवस्थापन समिति पुनःगठन ।
५. संस्थागत विद्यालयहरुमा १० % छात्रावृति कार्यान्वयन कार्य गर्न सुचना प्रकाशन गरी सिफारिस गरियो ।
६. सुन्य विद्यार्थी भएको विद्यालय बन्द था समुदायमा आधारित बाल विकास केन्द्रलाई विद्यालयमा मर्ज गरेको ।
७. बन्द तथा मर्ज भएका विद्यालयहरुका शिक्षकहरुको व्यवस्थापन गरेको ।
८. सामुदायिक विद्यालयका शिक्षकहरुको सरुवा तथा काज सम्बन्धी कार्यविधिको ड्राफ्ट निर्माण गरियो ।
९. नगर शिक्षा विकास कोष संचालन सम्बन्धी कार्यविधि, २०७५ को ड्राफ्ट निर्माण गरियो ।
१०. कीर्तिपुर नगरस्तरीय मेयर खेलकुद विकास कार्यक्रमको लागि सामुदायिक विद्यालयका प्र.अ हरुसँग बैठक बसी सबै विद्यालयहरुसँग खेलकुदका लागि प्रशिक्षक माग गर्ने ५ वटा विद्यालयहरुमा माग संकलन गरियो ।
११. सार्वजनिक पुस्तकालय खोल्न प्राप्त निवेदनहरुको लागि स्थलगत निरिक्षण गरि २ वटा सार्वजनिक पुस्तकालय संचालन गर्न अनुमति प्रदान गरियो ।

**७. महिला विकास उप-शाखा**

मिति २०७५ कार्तिक मसान्त सम्ममस कीर्तिपुर नगरपालिकाका विभिन्न वडामा जारी गरिएको ज्येष्ठ नागरिक परिचय पत्रको रेकड निम्म बमोजिम छ ।

| वडा नं | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १ | ४३ | ३८ | ८१ |
| २ | ४६ | ४९ | ९५ |
| ३ | ३३ | ३६ | ६९ |
| ४ | ७२ | ५९ | १३१ |
| ५ | ९३ | ७९ | १७२ |
| ६ | १६१ | १४० | ३०१ |
| ७ | ८ | १३ | २१ |
| ८ | २० | १७ | ३७ |
| ९ | २१ | २४ | ४५ |
| १० | ८५ | ५४ | १३९ |
| **जम्मा** | **५८२** | **५०९** | **१०९१** |

**८. आर्थिक विकास शाखा**

| | वार्षिक बजेट | हाल सम्मको खर्च |
|---|---|---|
| **१.चालु खर्च** | ५१,६२,००,०००<br>( ५१ करोड ६२ लाख ) | ६,२०,३२,९५६.१७<br>( ६ करोड २० लाख ३२ हजार ९ सय ५६ रुपैयाँ १७ पैसा ) |
| **२.पुँजीगत खर्च** | ४१,५२,१९,०००<br>( ४१ करोड ५२ लाख १९ हजार) | ३,८२,०३,५६८.०२<br>( ३ करोड ८२ लाख ३हजार ५सय ६८ रुपैयाँ २ पैसा) |
| **२.१ आर्थिक विकास क्षेत्र** | २,३१,००,०००<br>(२ करोड ३१ लाख) | १३,२६,००० ( १३ लाख २६ हजार ) |
| **२.२ सामाजिक विकास क्षेत्र** | ९,०१,१९,००० (९ करोड १ लाख १९ हजार) | २९,३०,२७५।२५<br>(२९ लाख ३० हजार २ सय ७५ रुपैयाँ २५ पैसा ) |

| | | |
|---|---|---|
| **२.३ पूर्वाधार विकास क्षेत्र** | २२,७२,००,०००<br>( २२ करोड ७२ लाख ) | २,३२,१७,०८९।४८<br>( २ करोड ३२ लाख १७ हजार ८९ रुपैयाँ ४८ पैसा) |
| **२.४ वातावरण विपद् व्यवस्थापन** | २,१५,००,०००<br>( २ करोड १५ लाख) | १,२८,४५०<br>(१ लाख २८ हजार ४ सय ५० रुपैयाँ ) |
| **२.५ संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्र** | ५,३३,००,०००<br>( ५ करोड ३३ लाख ) | ६७,२४,४०३।५४<br>(६७ लाख २४ हजार ४ सय ३ रुपैयाँ ५४ पैसा ) |

**९. राजश्व शाखा (आ.व २०७५/०७६)**

१. आ.व २०७५/०७६ मा अनुमानित आन्तरिक राजश्व संकलन रू.१०,००,००० ।- (१० करोड) संकलन गर्ने लक्ष्य रहेकोमा मिति २०७५/४/०१ देखि २०७५/०८/२४ सम्मको विभिन्न शिर्षकमा जम्मा रु. ३,५९,२०,८१५।५३ राजश्व संकलन भएको । ( ३ करोड ५९ लाख २० हजार ८ सय १५ रुपैयाँ ५३ पैसा)

२. मिति २०७५/४/०१ देखि २०७५/०८/२४ सम्मको व्यवसाय दर्ता जम्मा १३२ वटा ।

३. मिति २०७५/४/०१ देखि २०७५/०८/२४ सम्मको 'घ' वर्गको इजाजत पत्र जम्मा २५ वटा प्रमाणपत्र वितरित ।

**१०. योजना तथा प्राविधिक शाखा**

**१०.१ नक्सा उप-शाखा**

आ.व २०७५/०७६ को मिति २०७५/४/०१ देखि २०७५/०८/२४ सम्म नक्सा पास भएको विवरणः

१. डि.पि.सी – १६२ थान
२. भवन निर्माण ईजाजत प्रमाण पत्र – २६० थान
३. भवन निर्माण सम्पन्न प्रमाण पत्र – २७८ थान
४. नयाँ दर्ता – १८४ थान

**१०.२ योजना शाखा**

आ.व २०७५/०७६ को मिति २०७५/४/०१ देखि २०७५/०८/२४ सम्म सम्पन्न भएका र चालु भईरहेका वडास्तरिय तथा नगरस्तरिय योजनाको विवरणः

**नगर स्तरीय योजनाहरुको विवरण**

| क्र.स | योजनाको नाम | स्वीकृत बजेट | योजनाको स्थिती | सम्पादनको प्रकृया |
|---|---|---|---|---|
| १ | सार्वजनिक शौचालय निर्माण | ५,२७,०००।- | चालु | उपभोक्ता समिति |
| २ | बाजागाजा खरिद | ९०,००० ।- | सम्पन्न | उपभोक्ता समिति |
| ३ | प्राविधिक शाखामा कार्यरत सम्पूर्ण कर्मचारीलाई GIS तालिम संचालन | ३,७५,५००।- | सम्पन्न | |
| ४ | ब्याक्हो लोडर खरिद | ४४,५०,०००।- | सम्पन्न | टेन्डर |
| ५ | सि.सि टि.भी जडान | ४,९९,०४० ।- | सम्पन्न | कोटेशन |
| ६ | निर्माणाधीन न.पा भवनको 3D Elevation तयार गर्ने | ९९,००० ।- | सम्पन्न | कोटेशन |
| ७ | निर्माणाधीन न.पा भवनको सबैभन्दा माथिल्लो तल्लमा ट्रस्ट निर्माणको डिजाइन तयार गर्ने | ९९,००० ।- | सम्पन्न | कोटेशन |
| ८ | ग्राभेल सप्लाई | ५५०० ।- | सम्पन्न | कोटेशन |
| ९ | ४ र ५ वडाको विभिन्न ठाउँमा ग्राभेलिङ | १२,७४,००० ।- | सम्पन्न | उपभोक्ता समिति |
| १० | नगर क्षेत्रभित्र (वडा नं १ देखि १०)का सडक मर्मत सम्भार गर्न ग्राभेल सप्लाई तथा ग्राभेलिङ कार्य | १९,९९,४०० ।- | चालु | टेन्डर |
| ११ | हनुमानघाट- नगाउँ सडक सुधार | २०,००,००० ।- | चालु | उपभोक्ता समिति |

| | | | | |
|---|---|---|---|---|
| १२ | IPC Children Park मा ब्लक छपाई तथा शौचालय मर्मत | ५६,६१,२५८।- | सम्पन्न | उपभोक्ता समिति |
| १३ | कीर्तिपुर नगरपालिकाका साझेदारी जग्गा एकीकरण कार्यक्रम ( ढल्पा- सल्यानस्थान जग्गा एकीकरण) | ---- | टेन्डर प्रकृयामा | टेन्डर |
| १४ | ताँल्चा (कीर्तिपुर गेट सडक पेटी र बाटो मर्मत) क्रमागत | ५५,५४,५६१।- | चालु | टेन्डर |
| १५ | नयाँ बजार बाटो सुधार कार्यक्रम (क्रमागत) | १९,९९,४५३।- | चालु | टेन्डर |
| १६ | सागत – हिटिफ – मुलखुसी | ५९,८६,४१५।४२ | चालु | टेन्डर |

**वडा स्तरीय योजनाहरुको विवरण**

| वडा नं | सम्झौता भएका योजना संख्या | चालु योजना | सम्पन्न योजना |
|---|---|---|---|
| १ | ० | ० | ० |
| २ | ० | ० | ० |
| ३ | २ | २ | ० |
| ४ | ० | ० | ० |
| ५ | १० | १० | ० |
| ६ | ० | ० | ० |
| ७ | ३ | ३ | ० |
| ८ | ० | ० | ० |
| ९ | ३ | २ | १ |
| १० | १ | १ | ० |
| जम्मा | १९ | १८ | १ |

## ११. कानुन शाखा

आ.व २०७५/०७६ को मिति २०७५ श्रावन ०१ गते देखि मिति २०७५ मंसिर २० गते सम्मको कानुन शाखामा निवेदन परेका उजुरीहरुको विवरणः

| **उजुरीको संख्या** | **फरफारक भएका उजुरीहरुको संख्या** | | **कारवाहीमा रहेको उजुरी संख्या** | **तामेली भएका उजुरी संख्या** | **कैफियत** |
|---|---|---|---|---|---|
| | निर्णय | मिलापत्र | | | |
| २० | ४ | ४ | ९ | | आ.व. २०७५/०७६ मा |
| **नगर प्रमुखज्यूको एकल इजलासबाट निर्णय भएको उजुरी संख्या – ३ वटा** | | | | | |